## २०७४/४/३१ गतेको दिन दाङ जिल्ला दैबि प्रकोप उद्दार समिति दाङको बैठकको निर्णय :

**निर्णय १ :**

प्रारम्भिक क्षति लेखाजोखा (IRA) पुस्तिकामा भएको व्यवस्था अनुसार सबै Cluster Lead हरुले आ-आफ्नो cluster को रिपोटिङ गर्ने काम भयो ।

**निर्णय २ :**

सबै Cluster Lead हरुले हरेक दिन विहान ६ बजे र बेलुका ४ बजे DEOC मा रिपोटिङ गर्ने ।

**निर्णय ३ :**

सबै प्रभावित क्षेत्रहरुको एकिन क्षतिको विवरण सँकलन गर्न सम्वधित स्थानिय तह, स्थानिय प्रहरि र स्थानिय रेडक्रसको सँयुक्त टोलि खटाउने र तोकिएको फारममा संयुक्त Verification भएको हुनुपर्ने ।

**निर्णय ४ :**

बाढिबाट विस्थापितहरुका लागि आपतकालिन आवासको व्यवस्था गर्न श.वि तथा भ.नि.वि डिभिजन कार्यालय दाङको माग बमोजिम १५० थान त्रिपालको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय ५ :**

बाढि पिडितको लागि राहत सँकलन तथा वितरण सम्बन्धमा सबै सहयोगि निकाहरुले जिल्ला दैबि प्रकोप उद्धार समिति सँग समन्वय गरि एकद्धार प्रणलि र्माफत नगर, DDRC को खातामा जम्मा गरी उपलब्ध गराउने र तयारि खाना, पानि लगायतका वस्तुहरु स्थानिय तह, रेडक्स, नेतृत्व गर्ने क्षेत्र सग समन्वय गरि प्राथामिकताको आधारमा वितरण गरि सो को प्रतिवेदन DEOC मा उपलब्ध गराउने ।

**निर्णय ६ :**

जिल्लामा बाढि पहिरोमा परि ४ जनाको मृत्य भएको, २ जना घाईते अवस्थामा रहेको, १ जना बेपत्ता भएको र सयौको सख्यामा घर-गोठ लगायतका भौतिक सँरचनामा क्षति पुग्न गएकाले पिडित पक्षलाई राहत प्रदान गर्न सम्बन्धित बिषयगत नेतृत्व लिने निकाय तथा सहयोगि निकायहरु आफै परिचालीत भै जिल्ला दैवि प्रकोप उद्धार समिति दाङ सँग निकटतम समन्वयमा रहि तत्काल परिचालित हुने निर्णय गरियो ।

**निर्णय ७ :**

जिल्ला दैवि प्रकोप उद्धार समिति द्धारा लेखाजोखा समन्वय टोलि माग गरिएकोमा राष्ट्रिय आपतकालिन र्काय सँचालन केन्द्रबाट नेपाल रेडक्स सोसाईटिको समन्वयमा सामाग्री सहित खटि आएको Assessment Coordination Team(ACT) टोलिले जिल्ला दैवी प्रकोप उद्दार समिति/जिल्ला आपत्कालिन कार्यसंचालन केन्द्र (DEOC)मा रहि र्काय गर्ने गराउने निर्णय गरियो ।

**निर्णय ८ :**

बाढि प्रभावित क्षेत्रमा रहेका बाढि पिडित व्यक्तिहरुलाई राहत सामाग्रीहरु एकद्धार प्रणालि अर्न्तगत वितरण तथा अभिलेख राख्न देहाय बमोजिमको उप-समिति गठन गर्ने निर्णय गरियो ।

- क) स्थानिय तहको प्रतिनिधि संयोजक
- ख) नेपाल रेडक्स सोसाईटीको स्थानिय प्रतिनिधि सदस्य
- ग) स्थानिय तहमा रहेको नेपाल प्रहरीको प्रतिनिधि सदस्य

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दाङ